# उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्ज पर्साको सूचना।

विश्यव्यापी महामारीको रूपमा फैलिएको Covid-19 को नयाँ भेरियन्ट पर्सा जिल्लामा पनि फैलिदै गइरहेको र यस अदालतमा कार्यरत मा.न्या. ज्यू ५ जना र कार्मचारीहरु २३ जनामा समेत संक्रमण (Covid Positive) देखिनुका साथै संक्रमण दर बढ्दो रुपमा रहेको र उच्च अदालत बार एशोसिएसन वीरगन्जको च.नं.३६/०७८/०७९ मिति २०७८/१०/०३ को पत्रबाट मिति २०७८/१०/१४ गतेसम्म पेशी स्थगित गरि दिनको लागि अनुरोध भई आएको छ र सर्वोच्च अदालतको मिति २०७८/१०/०४ को च.नं.८१० पत्रमा उल्लेख भए बमोजिम बढीरहेको संक्रमण र सोबाट हुन सक्ने जोखिम समेतको सन्दर्भमा भिडभाड कम गरी सिमित जनशक्तिबाट मात्र सेवा प्रवाह गर्नुपर्ने हुँदा दैनिक प्रशासनिक र नियमित पेशीसंग सम्बन्धित कार्य संचालन गर्न उपयुक्त नहुँदा मिति २०७८/१०/०६ गते देखि २०७८/१०/१४ गतेसम्मका लागि यस अदालतबाट प्रवाह हुने सेवा संकुचन गरी तपसिल बमोजिमका सेवाहरु मात्र प्रवाह गर्ने भनी मिति २०७८/१०/०६ को पूर्ण बैठकबाट भएको निर्णय बमोजिम देहायका काम कारवाही एवं सेवाहरु मात्र संचालन हुने व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गराईन्छ।

१. बन्दीप्रत्यक्षीकरणको निवेदनको नियमित रुपमा सुनुवाई गर्ने।
२. अन्तरिम आदेशको छलफल सम्बन्धी कार्य गर्ने।
३. एकल इजलासबाट हेर्ने निवेदनको प्रारम्भीक सुनुवाई गर्ने।
४. मुद्दा फिर्ता, तामेली एवं मिलापत्र सम्बन्धी कामकारवाही गर्ने।
५. म्याद थप, पक्राउ पूर्जी जारी, जरुरी पक्राउ पूर्जीको स्वीकृति तथा अभियोग पत्र दर्ता, बयान र थुनछेक सम्बन्धी कार्य गर्ने।
६. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको निवेदन उपर सुनुवाई गर्ने।
७. मुद्दा/ निवेदन दर्ता गर्ने र तारेख दिने लगायतका कामकारवाही जनस्वास्थ्यका निर्धारित मापदण्ड अनुसार सामाजिक दुरी कायम गराई गर्ने, भिडभाड हुन नदिने लगायतका कुराहरुको पूर्ण परिपालना हुने गरी सञ्चालन गर्न अदालत प्रशासनले आवश्यक प्रवन्ध मिलाउने।
८. अदालतमा आवश्यक भिडभाड हुन नदिन अत्यावश्यक र न्यून संख्याको जनशक्तिबाट आलोपालो मिलाई कामकारवाही गर्न मुख्य भै काम गर्ने न्यायाधीश र रजिष्ट्रारले आवश्यक व्यवस्था मिलाउने।
९. यो निर्णयको जानकारी र आवश्यक निर्देशनका लागि सर्वोच्च अदालतमा र जानकारीका लागि उच्च अदालत जनकपुर, उच्च सरकारी वकील कार्यालय, वीरगन्ज तथा उच्च अदालत बार इकाइ वीरगन्जमा पठाउने।
१०. सोरकारवालाहरुको जानकारीको लागि यो निर्णयको छायाँप्रति अदालतको सूचना पाटीमा टाँस गर्ने र यस अदालतको Website मा Upload समेत गर्ने।

२०७८/१०/६/१४

भेषराज पौडेल
नि. रजिष्ट्रार